बारा जिल्ला अदालत कलैया

श्री

# बारा जिल्ला अदालत

## वार्ता द्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**तेश्रो पटक सूचना प्रकाशन मिति २०७५/०५/०८**

प्र.ना.नि.पुरुराज रिमालको प्रतिवेदनले बादी नेपाल सरकार प्रतिवादी धनबहादुर लो समेत भएको लागु औषध गाजा (073-cr-0177) मुद्दामा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७५।२।२१ मा प्रथमपटक र मिति २०७५।३।१४ मा दोस्रोपटक र मिति २०७५/०३/३२ मा बार्तादवारा कायम हुने मुल्यमा लिलामा बिक्री गर्ने सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरु लिलाम सकार गर्न नआएको र मिति २०७५/०४/२० मा दोश्रो पटक बार्तादवारा कायम हुने मुल्यमा मिति २०७५/०४/३० गते लिलामा बिक्री गर्ने सूचना प्रकाशित गरिएकोमा सो मितिमा बार्तामा सहभागी हुनु भएका ब्यक्तहरूबिच प्रतिस्पर्धा हुदा मुल्यांकन भएको भन्दा धैरै कम(६०% भन्दा कम) रकममा कबोल गरेको र सो कबोल अस्विकृत भै पुन: सूचना प्रकशित गर्ने गरी यस अदालतबाट मिति २०७५/०४/३०मा निर्णय भएको हुदा उक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क को उपनियम (१०) र ऐ. को नियम ९०ख को उपनियम (५) तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ अनुसार कानूनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार वार्ता द्वारा बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| सि.नं. | जिन्सी नं. | मुद्दा नं. | मुद्दा | जिन्सी सामानको बिबरण | सङ्ख्या | मोडेल नं./ईन्जिन नं./च्यसिस नं. | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २८४ | 073-CR-177 ५०-०७३-०१७७८ | लागु औषध गाजा | ना.३ख ८६६ नं.को भाडा ट्रक | १ | मो.LPT1613TC/48(2005) ई.नं.50B62389142 चे.नं.388050BUZ106934 | रू.९२५०००/ (नौलाख पचिस हजार) | |
| २ | ,, | ,, | ,, | ना.३४प ६९३६ नं.को पल्सर रातो २२० सि.सी मोटरसाईकल | १ | मो.२०१५ ई.नं.DKZCFL-00252 चे.नं.MD2A13EZFCL-13101 | रू.१२००००/ (एक लाख बीस हजार) | |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७५ साल भाद्र १८ गते दिउसो २.०० बजे देखि ४.०० बजे सम्म यस अदालतको तहसिल शाखा ।

२. वार्तमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७५।०५।१८ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि बार्तामा सहभागी हुन चाहेको निवेदन सहित निवेदन दस्तुर रु १०००|-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ ।

३. निर्धारित समय सम्ममा निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई वार्तामा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ता द्वारा मुल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बिच लिलाम बढाबढको प्रक्रिया अपनाईने छ । सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी सामानहरु बिक्री गरिनेछ ।

५. वार्ता (लिलाम) मा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । वार्ता (लिलाम) सम्पन्न भएपछि डाक सकार गरि लिने ब्यक्तिले ७ दिन भित्र आफूले कबूल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्दी कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफूले कबूल गरेको रकम र मुल्य अभिवृद्दी कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरीनेछ ।

६. लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिनेछ ।

७. बार्ताबाट लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा शुरक्षित रहनेछ।

८. अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

९. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

तहसिलदार
रा.प. तृतीय